प्रदेश सरकार

लुम्बिनी प्रदेश

# शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय

## (विज्ञान तथा खेलकूद महाशाखा)

मुकाम: बुटवल, नेपाल

पत्र संख्या: ०७८/०७९

चलानी नं.:

विज्ञान शिक्षक पुरस्कारका लागि निवेदन पेश गर्ने सम्वन्धी सूचना

प्रकाशित मिति २०७८।०७।२२ गते

प्रस्तुत विषयमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको च. न. १६९, मिति २०७८।०६।१४ को प्रत्रानुसार प्रज्ञा प्रतिष्ठानबाट २०७८ सालका लागि प्रदेश तहमा सामुदायिक विद्यालयको माध्यमिक तहमा अध्यापन गर्ने १ (एक) जना शिक्षकलाई निजले विज्ञान शिक्षाको विकासमा पुर्याएको योगदानको मुल्याङ्कनको आधारमा **विज्ञान शिक्षक पुरस्कार** प्रदान गरिने भएकोले तपसिल बमोजिमका कागजात सहित ७ (सात) दिन भित्र तपसिल बमोजिमका कागजातको स्कान कपी सहित यस मन्त्रालयको मेल mosdfive@gmail.com मा निवेदन पेश गर्नु हुन निर्देशानुसार अनुरोध छ।

२०७८/०७/२२

(विष्णु प्रसाद पन्थी)

शाखा अधिकृत

<u>तपसिल</u>

१. नागरिकता र शिक्षक परिचय पत्रको प्रमाणित प्रतिलिपि।
२. सम्वन्धित विद्यालयको सिफारिस पत्र।
३. विज्ञान विषय लिइ स्नातक तह उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपि।
४. विज्ञान विषयको विषयगत समितिहरुमा योगदानको विवरण।
५. विद्यालयको विगत पछिल्लो ३ वर्षको विज्ञान विषयमा विद्यार्थी उत्तीर्ण प्रतिशत उल्लेख भएको सम्वन्धित स्थानीय तहको शिक्षा शाखा बाट प्रमाणित पत्र ।
६. विज्ञान शिक्षा पाठ्यक्रम परिमार्जन र पुस्तक प्रकाशनमा योगदानको विवरण तथा कागजात।
७. विज्ञान शिक्षा अध्यापन विधि (Tools)मा नयाँपन ल्याउन पुर्याएको योगदानको विवरण तथा कागजात।
८. बैज्ञानिक लेख प्रकाशन तथा लेखन कलामा विद्यार्थीलाई सहयोग गरेको सम्वन्धमा विवरण तथा कागजात।

पुनश्चः प्रदेशमा उत्कृष्ट एक जना मा.वि. तहमा अध्यापन गर्ने शिक्षकलाई नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानबाट रु ७५,०००।- राशीको विज्ञान शिक्षक पुरस्कार प्रदान हुनेछ।